जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २, २०८२ साउन १५ गते विहीबार, 31 Jun 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

दलको नेता निर्वाचित भएपछि प्रदेश प्रमुख कहाँ पुगे बानियाँ



मकवानपुर । नेपाली कांग्रेस बागमती प्रदेश सभाको संसदीय दलको नेता इन्द्रबहादुर बानियाँले आफू दलको नेता भएको जानकारी प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई जानकारी गराएका छन् ।

उनले बुधबार हेटौंडास्थित प्रदेश प्रमुखको कार्यालयमा पुगेर आफू दल नेता चुनिएको पत्र प्रदेश प्रमुख देवकोटालाई बुझाएका हुन् ।नेता बानियाँले बुधबार सम्पन्न निर्वाचनमा कुल ३५ मतमध्ये ३३ मत प्राप्त गर्दै संसदीय दलको नेता पदमा निर्वाचित भएको थिए। कांग्रेस संसदीय दलको विधान २०७९ को धारा ५ को उपधारा (२) बमोजिम निर्वाचन गरिएको उक्त प्रक्रियामा बानियाँले कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गरेपछि दलको नेता चयन भएका हुन् ।

मुख्यमन्त्री बहादुर सिंह लामाले सरकार विस्तारको तयारी गर्नुभएसँगै नेता बानियाँले प्रदेश प्रमुख देवकोटालाई पत्र बुझाएका हुन् । कांग्रेस संसदीय अभ्यास अनुसार दलका नेता नै मुख्यमन्त्री हुने प्रक्रिया रहेकाले नेता बानियाँले प्रदेश प्रमुख देवकोटालाई भेट्नु भएको बताइएको छ । मुख्यमन्त्री लामाले आफूले गठबन्धनको सरकारको नेतृत्व गरेकाले तत्काल राजिनामा दिन नपर्ने बताउँदै मन्त्री परिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री लामाको सिफारिसअनुसार प्रदेश प्रमुखको कार्यालयले बिहीबार दिउँसो १ बजे ३ जना मन्त्रीको सपथ ग्रहण कार्यक्रम राखिएको छ ।

चितुवाले बाख्रा खोरमै पसेर खसी मार्‍यो



मकवानपुर । मकवानपुरको मनहरी गाउँपालिका ८, गुरूङटोलमा चितुवाले खोरमै पसेर एउटा खसी मारेको छ ।

मंगलबार राति वैज्ञानिक सामुदायिक वनबाट निस्किएको चितुवाले स्थानीय ५५ वर्षीय कर्णबहादुर थापा मगरको खोरमा रहेको खसीलाई आक्रमण गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

स्थानीयले चितुवा बस्ती नजिक आउन थालेको गुनासो गर्दै वन तथा प्रहरी प्रशासनसँग निगरानी र तत्कालीन सुरक्षाको माग गरेका छन् ।

बागमती मुख्यमन्त्री लामाको पद निर्णायक एमाले



सहीखबर संवाददाता

मकवानपुर । घरैमित्रको लडाँइले बागमतीमा राजनीति पेचिलो बन्दै आएको छ । बाहालवाला ५ जना मन्त्रीहरूले राजिनामा दिएपछि संसदीय दलको नेतामाथि अविश्वासको प्रास्तव दर्ता भयो ।

दलको नेताको लागि निर्वाचन भयो, मुख्यमन्त्री रहेका बाहादुर सिंह लामा दलको नेता रहेनन् तर उनीको मुख्यमन्त्रीको पद भने खोसिएको छैन । बुधबार नेपाली काँग्रेस बागमती प्रदेश संसदीय दलको नेता इन्द्रबहादुर बानियाँ निर्वाचित भएका छन् ।

तर यसो हुँदैमा मुख्यमन्त्रीको पद धरापमा भने छैन । उनको पद हट्न सक्ने ३ वटा मात्रै कारण छन् । पहिलो कारण उनलाई सदनबाटै विश्वास नपाएको हुनुपर्छ, अर्को कारण हो सत्तासाझेदार पार्टी ब्याक हुनुपर्छ ।

अहिलेको परिपेक्षमा नेपाली काँग्रेस सरकारबाट बाहिरीने कुरै भएन । यसो हुँदा अब सत्ता साझेदार पार्टी नेकपा एमालेले साथ दिउञ्जेल बहादुर सिं लामाको मुख्यमन्त्री पद धरापमा छैन । यसर्थ मुख्यमन्त्री लामाको पद एमालेको हातमा छ ।

संवैधनिक व्यवस्था अनुसार पनि मुख्यमन्त्री लामालाई पदबाट हटाउन बाधक नै छ । नैतिकता र राजनीतिक दबाब खेप्न नसकेर लामा आफैंले राजिनामा दिएको अवस्थामा मात्रै उनी पदबाट हट्ने छन् ।

यता नेकपा एमालेका बागमती, प्रदेश संसदीय दलले पनि बुधबार बैठक बस्यो । प्रदेश सरकारबारे कांग्रेसको संस्थागत निर्णयलाई मान्ने एमालेले निर्णय गरेको छ ।

प्रदेश सरकारबारे देखिएको अन्योलका बारेमा सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसकै संस्थागत निर्णयलाई मान्ने निर्णय गरिएको एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बताए ।

प्रदेशमा देखिएको राजनीतिक संकट समाधानका लागि चाँडै नै छलफल गरेर एउटा निकासमा पुग्नेबारे पनि बैठकले निर्णय गरेको जानकारी दिए ।

नेता बने बानियाँ

बुधबार भएको नेपाली कांग्रेसको बागमती प्रदेश संसदीय दलको नेता चयनको निर्वाचनमा इन्द्रबहादुर बानियाँ ३३ मत सहित विजयी भएका छन् ।

बुधबार भएको निर्वाचनमा उनले कुल ३७ मध्ये ३३ प्राप्त गरे ।

यसतै, मुख्यमन्त्रीसमेत रहेका बहादुरसिंह लामा तामाङले १४ मत प्राप्त गरेका छन् । १ मत बदर भएको थियो ।

२०७९ को मंसिरमा भएको संसदीय दलको निर्वाचनमा पनि बाँनिया र तामाङबिच प्रतिस्पर्धा भएको थियो। त्यसबेला तामाङ ५ मतले विजयी भएका थिए । तामाङ र बाँनिया दुवै पार्टी सभापति शेरबहादुर देउवा निकट नेता मानिन्छन्। तामाङको मन्त्रिपरिषद्कै ४ सदस्यले राजीनामा दिएर यसपटक बाँनियालाई सघाएका छन् ।

कानूनी बाटो समाउँछु : लामा

संसदीय दलको नेतामा हारेपछि मुख्यमन्त्री बहादुर सिंह लामाले आफूले राजीनामा दिनुपर्ने कुनै आधार नै नभएको भन्दै आफू संविधानअनुसार अघि बढ्ने बताएका छन् ।

उनले सहजै राजीनामा नदिने बताएका हुन्। संसदीय दलको नेताको निर्वाचनमा पराजित भएपछि उनले यस्तो प्रतिक्रिया दिएका हुन् ।

उनले संविधान भन्दा बाहिर कोही ठुलो नहुने स्मरण गराए । "मैले राजीनामा दिनुपर्ने आधार नै छैन, अब जे जे हुन्छ सबै संविधान अनुसार नै हुन्छ" लामाले भने । बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले आफूले पदबाट राजीनामा नदिने स्पष्ट पारेका हुन् ।

राजीनामा दिनुपर्ने कुनै कारण छैन । किन राजीनामा दिनुपर्छ ? कुनै आधार छैन । हामी संविधानअनुसार चल्छौं । संविधानले जे व्यवस्था गरेको छ, त्यसैअनुसार अघि बढ्ने हो । संविधानको धारा १६८ (२) अनुसार बनेको सरकार हो यो । त्यसअनुसार सरकार गठन गर्दा दलको नेता हुनैपर्छ भन्ने छैन।

त्यसैले यो सरकारलाई दुई वर्षसम्म अविश्वास प्रस्ताव ल्याउन मिल्दैन । संविधानले स्थिर सरकारको व्यवस्था गरेको छ। एकचोटि अविश्वास प्रस्ताव दर्ता भयो भने अर्को पटक फेरि एक वर्ष कुर्नुपर्ने प्रावधान छ । त्यसैले

बाँकी पेज ३ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय


राजमार्ग बचाऔं

नेपालका राष्ट्रिय राजमार्गहरु देशको आर्थिक मेरूदण्ड हुन् । यिनै राजमार्गहरुबाट दैनिक उपभोग्य वस्तुदेखि औद्योगिक कच्चा पदार्थसम्मको ढुवानी भई अर्थतन्त्र चलायमान हुन्छ। तर, पछिल्लो समय यी महत्वपूर्ण सडकहरुको आयु तीव्र गतिमा घटिरहेको छ, जसको मुख्य कारक हो ओभरलोड। सवारी साधनहरुमा क्षमताभन्दा बढी भार बोकेर गुड्दा सडकको कालोपत्रे छोटो समयमै उप्किने, खाल्डाखुल्डी पर्ने र अन्ततः सडकको संरचना नै जीर्ण बन्दै गएको छ। यो समस्या दिनानुदिन विकराल बन्दै गइरहेको भए पनि यसको नियन्त्रणमा प्रहरी प्रशासनको भूमिका सन्तोषजनक देखिँदैन।

कानुनतः सवारी साधनले बोक्न पाउने भारको सीमा तोकिएको छ। तर, ती नियम कागजमा मात्र सीमित छन्। राजमार्गहरुमा क्षमताभन्दा दोब्बर/तेब्बर भार बोकेका ट्रक तथा टिपरहरु निर्वाध गुडिरहेका देखिन्छन्। यसरी ओभरलोडका कारण सडकमा मात्र क्षति पुग्दैन, यसले सवारी दुर्घटनाको जोखिम पनि उत्तिकै बढाउँछ। अत्यधिक भारले गर्दा गाडीको ब्रेक प्रणालीमा असर पर्ने, टायर फुट्ने र गाडी अनियन्त्रित भई दुर्घटना हुने सम्भावना प्रबल हुन्छ। यसका साथै, सडकको जीर्ण अवस्थाले यात्रुहरुले सास्ती भोग्नु परेको छ भने मर्मतसम्भारमा राज्यको ठूलो धनराशि खर्च भइरहेको छ, जुन अन्ततः करदाताकै काँधमा पर्छ।

यो गम्भीर समस्या हुँदाहुँदै पनि प्रहरी प्रशासनले यसलाई बेवास्ता गरेको देखिन्छ। कतिपय अवस्थामा त ओभरलोडका सवारी साधनलाई कारबाही गर्नुको सट्टा मिलेमतोमा छाडिने गरेको गुनासो सुनिन्छ। कानुन कार्यान्वयन गर्ने निकाय नै यस्तो लापरबाहीमा उत्रिएपछि सडक सुरक्षा र पूर्वाधारको दिगोपन कसरी सम्भव होला ? राजमार्ग सुरक्षा प्रहरीको मुख्य जिम्मेवारी हो, तर उनीहरु यस विषयमा मौन देखिनुले आम नागरिकमा निराशा छाएको छ।

नवप्रतिभा प्रवर्धनमा स्थानीय तह



विष्णुकुमारी लामिछाने

विद्यार्थी अनावश्यक रूपमा मोबाइल, टेलिभिजन तथा वेबसाइटमा तल्लिन हुँदा एकातिर समयको बर्बादी अर्कोतर्फ खराब कुरा र आचरण अवलम्बन गर्न सक्ने जोखिम पनि बढ्ने भएकाले सिर्जनात्मक कार्यमा जोड दिनु पर्छ ।

हरेक बालबालिकासँग कुनै न कुनै प्रतिभा रहेको हुन्छ । उनीहरुमा निहित प्रतिभालाई पहिचान गर्दै अङ्कुराउने वातावरण प्रदान गर्न सकेमा शुरुै नवप्रतिभाको जन्म हुन्छ । आजका बालबालिका भोलिका कर्णधार यसै भनिएको होइन । उनीहरुमा भएको क्षमता, इच्छा तथा आकाक्षाबमोजिमको प्रतिभा प्रस्फुटित हुने उपयुक्त वातावरण दिलाउनु सबैको कर्तव्य हो । मानव विकासको सबैभन्दा महत्वपूर्ण पक्षका रुपमा यसलाई लिएर प्रतिभा पहिचान, प्रवर्धन एवं उपयोग गर्न सकेमा समृद्ध नेपालको परिकल्पना धेरै ढाढाको विषय हुने छैन । यसका लागि संघीय, प्रादेशिक सरकारसँगै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

कुनै पनि व्यक्तिको लब्धाङ्क पत्रमा उल्लेख भएको अङ्कले मात्र उसको जीवनयापनमा सहजता पक्कै पनि ल्याउँदैन । व्यक्तिमा रहेको प्रतिभालाई उजागर गर्ने र उपयोग गर्दै जाने शिक्षा प्रणालीको विकास गर्न सकेमा अङ्क प्रणालीमा भन्दा पनि व्यावहारिक अभ्यासमा जोड पुग्छ । सैद्धान्तिक, घोकन्ते तथा अत्यावहारिक भएको आरोप खेपिरहेको नेपालको शिक्षा पद्धतिमा आमूल सुधारको आवश्यकता देखिन्छ । समग्र शैक्षिक प्रणालीमा आमूल परिवर्तन गर्न नसके पनि स्थानीय तहले स्थान विशेषका विशेषताका आधारमा स्थानीय योजना तर्जुमा एवं कार्यान्वयन गरी शैक्षिक पाठ्यक्रम तथा प्रणालीमा समयानुकूल परिवर्तन गर्दै जानुपर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ दफा ११ गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत उपदफा २ ज. मा आधारभूत र माध्यमिक शिक्षा उल्लेख गरिएको छ । यसमा नीति, कानुन तथा योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्नेदेखि स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने, अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गर्नेलगायतका जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यसै अनुरुप आफ्नो क्षेत्राधिकारभित्र रहेका नवप्रतिभाको पहिचान, अभिलेख तथा प्रवर्धनमा स्थानीय तहले अग्रणी भूमिका खेल्न सक्नु पर्छ ।

काठमाडौं महानगरपालिकाका सामुदायिक विद्यालयमा 'बुक फ्रि फ्राइडे' कार्यक्रम सञ्चालन हुँदै आएको छ । हरेक शुक्रबार किताबबिना बालबालिका विद्यालय पुग्ने र सिर्जनात्मक सिकाइका लागि सहभागी हुने गर्छन् । हप्तामा एक दिन अर्थात् शुक्रबार सामुदायिक विद्यालयमा सिप, उद्यमशीलता, खेलकुद, सङ्गीत, कला तथा नेतृत्व विकासका लागि प्रशिक्षण कार्यक्रमको व्यवस्था गरिएको छ । २०८० सालमा कक्षा ९ का विद्यार्थीलाई शिक्षामा सिप कार्यक्रम सञ्चालन गरेर नमुनाका रुपमा थालिएको बुक फ्रि फ्राइडे कार्यक्रममा अहिले कक्षा ४ देखि १२ सम्म चलिरहेको छ । बालबालिकालाई सिकाउने, अन्तर निहित क्षमता पहिचान गर्न लगाउने र अभिरूचिलाई समेत मध्यनजर गरी सिर्जनात्मक कार्यमा लाउने वातावरण प्रदान गरिनु नै सबैभन्दा महत्वपूर्ण हुन्छ । सधैं किताबको घेरामा मात्र बाँधेर राख्दा उनीहरुको सिकाइको दायरा खुम्चिने, किताबप्रतिको आकर्षण कम हुने तथा व्यावहारिक जीवनोपयोगी सिप तथा ज्ञानको अभाव हुने समस्या र हुन्छ । यसर्थ नवप्रतिभा प्रवर्धनका लागि शिक्षाको दिगो, व्यावहारिक र मजबुत जग बसाल्नु पर्छ । सरकार, विद्यालय प्रशासन र अभिभावकले बालबालिकाको क्षमता र रूचि अनुसार सृजनशीलता अभिवृद्धि गराउन सकारात्मक र रचनात्मक भूमिका खेल्नु आवश्यक छ ।

सामाजिक, आर्थिक, पारिवारिक तथा शैक्षिक तबरले सबै बालबालिकाको अवस्था र अवसर समान छैन । सामाजिकीकरण प्रक्रिया, सांस्कृतिक मूल्यमान्यता एवं भौगोलिक परिवेशले समेत अवसरमा विविधता रहेको हुन्छ । विविध कारणले सबै बालबालिकाले समान अवसर प्राप्त गर्न सकिरहेका हुँदैनन् । जिज्ञासु, मेहनती, लगनशील र प्रतिभावान् बालबालिका रूचि अनुरुपको अवसरबाट वञ्चित नहुनका लागि स्थानीय तहले विशेष व्यवस्था गर्नु पर्छ । निःशुल्क रुपमा अध्ययन तथा क्षमता विकासका विविध आयाममा जोड्नका लागि कोष, छात्रवृत्ति, विशेष अवसरमा ध्यान दिनुपर्ने हुन्छ । सामाजिक न्याय र समावेशीकरणको मर्मलाई पनि आत्मसात् गरेर नवप्रतिभालाई नवप्रवर्तनमा जोड्नु आवश्यक छ ।

कतिपय स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार क्षेत्रभन्दा बाहिर गएर विद्यालय तथा कलेजमा अनावश्यक लगानी गरिरहेका छन् । आधारभूत र माध्यमिक शिक्षामा केन्द्रित भएर सुधारका स्थानीय पहल गर्दै आधारभूत जग बसाल्नतर्फ ध्यान दिँदै बालबालिकालाई सिकाइमा थप ऊर्जा प्रदान गर्न प्रत्येक स्थानीय तहले इन्कुवेसन सेन्टरको स्थापना गरी उनीहरुका प्रतिभालाई हुर्किने अवसर प्रदान गर्नु पर्छ ।

अभिरूचि अनुरुप विषय विशेष परीक्षण गर्ने, प्रयोग गर्ने, अभ्यास गर्दै सिक्न इन्कुवेसन सेन्टरमार्फत पहुँच दिलाउन सक्दा नवप्रतिभाको जन्म हुन्छ । विद्यार्थी अनावश्यक रुपमा मोबाइल, टेलिभिजन तथा वेबसाइटमा तल्लिन हुँदा एकातिर समयको बर्बादी अर्कोतर्फ खराब कुरा र आचरण अवलम्बन गर्न सक्ने जोखिम पनि बढ्ने भएकाले सिर्जनात्मक कार्यमा जोड दिनु पर्छ ।

विद्यालयमा सञ्चालन गरिने अतिरिक्त शैक्षिक क्रियाकलाप बढी व्यावहारिक नहुँदा बालबालिकामा निहित प्रतिभा प्रस्फुटनमा सहयोगीसिद्ध हुन सकेका छैनन् । बहुविधागत रुपमा सबै बालबालिकाका अभिरूचिलाई सम्बोधन गर्ने तालिका निर्माण गरी विद्यालयका कार्यक्रम सञ्चालन गर्न सक्दा पनि धेरै विद्यार्थी लाभान्वित हुन सक्ने थिए । कला, गला र क्षमतालाई हुर्काउँदै आफ्नो करियर निर्माणलाई सहज बनाउन सक्ने थिए ।

यसर्थ नवप्रतिभालाई प्रयाप्त अवसर प्रदान गरेर प्रतिभा अनुकूलको क्षमता विकास गर्न अतिरिक्त शैक्षिक क्रियाकलापमा विद्यालयलाई परिचालन गर्न स्थानीय तह लाग्नु पर्छ, यसका लागि आवश्यक नीति, योजना तथा बजेट तर्जुमा गर्नु पर्छ ।

बालबालिकाको क्षमता विकासको महत्वपूर्ण पाटो बाल सहभागिता हो । बालबालिकालाई समूहमा सहभागी हुँदै छलफल गर्ने, सामूहिक कार्य गर्ने, भावी योजना तथा सुधारका अभ्यास गर्ने, सहयोग गर्ने साथै व्यक्तित्व निर्माणमा सहयोग पुग्ने गरी सहजीकरण गरिनु पर्छ । टोलस्तरमा अभिभावकको र विद्यालयस्तरमा शिक्षकको अभिभावकत्वमा बाल समूह गठन गरी समूहमा क्षमता विकास गर्ने अवसरसमेत प्रदान गर्दै अतिरिक्त क्रियाकलाप सञ्चालनको जिम्मेवारी प्रदान गर्न सकेमा सशक्त बन्दै हुर्किन्छन्, व्यस्त रहन्छन् अनि गलत कार्य गर्नबाट वञ्चित पनि हुन्छन् ।

नवसर्जकको सिर्जनाले राष्ट्रको पहिचानलाई उँचो बनाउँछ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो समाजमा अनेक कला, संस्कृति र परम्परा रहेका छन् । स्थानीय तहले तिनको निरन्तरता, संरक्षण, संवर्धन, प्रवर्धन अनि थप सिर्जनात्मक र परिष्कृत बनाउँदै लैजानसमेत नवप्रतिभाको खोजी गर्नु पर्छ । नवप्रतिभा पहिचानसँगै स्थानीय संस्कृतिको जगेर्ना र नयाँ नयाँ सिर्जनाको आविष्कार गर्दै स्थानीय तहले आआफ्नो विशिष्ट पहिचान बनाउँदै जानुपर्ने हुन्छ ।

प्रतिभाको खोजी र पहिचान गरेसँगै सिर्जनाको संरक्षणका लागि स्थानीय तहबाटै विशेष पहलको आवश्यकता रहेको हुन्छ । स्रष्टा, सर्जक वा नवप्रतिभाको सिर्जनाको सुरक्षा गरी त्यसको मूल्य सिर्जना गर्न कानुनी रुपमा नै व्यवस्था गर्न सकेमा अझै प्रभावकारी बन्न पुग्छ । प्रतिभा पहिचान र प्रस्फुटनमा पर्याप्त लगानी र अवसर तथा हौसला प्रदान गर्न सकेमा बढ्दै गएको वैदेशिक पलायनसमेत कम हुने देखिन्छ । नवप्रतिभाको उच्च मनोबल बढाउन समान अवसर, पहुँच, विविधताको सम्मान गर्दै स्थानीय तहले सम्बन्धित क्षेत्रमा उनीहरुको सिर्जनाको उपयोग गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नु पर्छ ।

यो लेख हामिले गोरखापत्र दैनिकबाट साभार गरेका हौं ।

निर्णायक एमाले ...

पेज १ को बाँकी

संविधानले स्थिर सरकारको लागि छुट्टै व्यवस्था गरेको हो, जुन सबैले पालना गर्नुपर्छ ।

मन्त्री गला चढ्न नपाएका माला झोलामै ओइल्याए

बागमतीका मुख्यमन्त्री बहादुर सिं लामाले नियुक्त गरेका ३ जना मन्त्रीहरू सपथको लागि प्रदेश प्रमुख कार्यालयमा पुगे ।

तर सपथको वातावरण जुरेन । काँग्रेसमित्रकै घर झगडाको कारण विचलित भएका सांसदहरू मन्त्री पद पाएको उल्लाषले भरिएको मन लिएर सपथको लागि तयारीमा थिए । मन्त्री नियुक्त भएका उनीहरूका आफन्त र कार्यकर्ताहरू झोलामा पुष्पगुच्छा र मालाहरू बोकेर प्रतिक्षामा थिए ।

तर माहोल एकाएक बदलियो । पार्टीको केन्द्रदेखिकै दबाबमा उनीहरूलाई सपथ ग्रहण गराउनमा रोक लगाइयो । अनि मन्त्रीको गला कुरिरहेका खादा, माला र पुष्पगुच्छाहरू झोलामै रहे । दलको नेता चयनको प्रक्रिया माँड्न खोजे जस्तो नदेखियोस् भनेर आफूहरू आफैं संयमित भएर सपथको कार्यक्रम सहमतिमै एक दिनको लागि स्थगित गरिएको मुख्यमन्त्री लामा निकट एक सांसदले भने ।

बागमती प्रदेशमा बुधबार बिहान नवनियुक्त तीन मन्त्रीको शपथग्रहण अन्तिम समयमा आएर रोकिएको छ । मुख्यमन्त्री बहादुरसिंह लामाले बिहानै धादिङका गोविन्द लम्साल, चितवनकी माया श्रेष्ठ र गीता गुरूङलाई क्रमशः आन्तरिक मामिला तथा कानुन, युवा तथा खेलकुद र सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारीसहित मन्त्री नियुक्त गरेका थिए ।

शपथग्रहण कार्यक्रम बिहान ९ बजे प्रदेश प्रमुख कार्यालयमा तय गरिएको थियो र आवश्यक जानकारीसमेत कार्यालयलाई दिइएको थियो । तर, नेकपा एमालेको आग्रहपछि कार्यक्रम स्थगित गरिएको हो ।

एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले मुख्यमन्त्री लामालाई फोन गर्दै संवेदनशील राजनीतिक परिस्थितिमा सरकार विस्तार गर्नु उचित नहुने धारणा राखेका थिए ।

उनले यस्तो कदमले गलत सन्देश दिन सक्ने भन्दै मन्त्रीहरुको शपथ तत्काल रोक्न सुझाव दिएका थिए । एमालेको चासोपछि मुख्यमन्त्री लामा अन्योलमा परे । मन्त्रीले सपथ लिन नपाएपछि खादा माला र पुष्पगुच्छाहरू मात्रै हैन, मन्त्रीलाई रिसिभ गर्न बिहानै प्रदेश प्रमुख कार्यालय पुगेका सम्बन्धित मन्त्रालयका सचिवहरू पनि रित्तो फर्किए । मन्त्रीहरूको सपथ आज विहीबार दिउँसो १ बजेलाई राखिएको बागमती प्रदेश प्रमुख कार्यालयका प्रवक्ता देवेन्द्र सापकोटाले जानकारी दिए ।

संसद् विघटनको अवस्था आयो भने सरकार लाई साथ दिन्छौं: माओवादी नेता जम्मकट्टेल



मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले सरकारको नेतृत्व नछोड्ने अडान कायमै राखेका कारण नयाँ सरकार गठनको प्रक्रिया अझै अल्झिएको छ ।

नेपाली कांग्रेसको संसदीय दलको नेताबाट बाहिरिए पनि लामाले मुख्यमन्त्री पद नछोड्ने अडान राख्दा संकट गहिरिएको हो । मुख्यमन्त्री लामाप्रति कांग्रेसकै इन्द्रबहादुर बानियाँ पक्षीय सांसदहरुले समर्थन फिर्ता लिएपछि प्रदेश सरकार अझ जटिल अवस्थातर्फ उन्मुख देखिएको छ ।

यही सन्दर्भमा नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्मकट्टेलले प्रदेशसभा विघटनको सम्भावना आउँदा आफ्नो दलले सरकारलाई साथ दिने स्पष्ट संकेत गरेका छन् ।

जनपत्र डटकमसँगको कुराकानीमा उनले भने, "अहिल्यै त्यस्तो अवस्था त आएको छैन, र हामी चाहँदैनौं पनि । तर, यदि अवस्था अत्यन्तै जटिल भयो र प्रदेशसभा विघटनको संघारमा पुग्यो भने हामी त्यसबेला गम्भीर रुपमा विचार गर्नेछौं ।"

सरकारमा जानेसम्बन्धी कुनै औपचारिक छलफल पार्टीमा नभएको बताउँदै जम्मकट्टेलले अहिलेको सत्ता संकटको जड हालै आएको बजेटमा रहेको असन्तुष्टि भएको बताए ।

"बजेट हेर्नेबित्तिकै मैले मुख्यमन्त्रीसँग भेट गरेरै भनेको थिएँ तपाईंलाई अब समस्या पर्न सक्छ । तपाईंको दलमित्रबाटै अप्ठ्यारो आउने देखिन्छ, माओवादीलाई त बजेट दिनु भएन तर, कांग्रेसकै सांसदले पनि बजेट परेन भनेर चित्त दुखाएका छन् ।" उनले स्पष्ट गरे ।

जम्मकट्टेलका अनुसार कांग्रेसमित्र हाल संसदीय दलको नेताका लागि प्रतिस्पर्धा चलिरहेको छ । त्यहाँबाट जो निर्वाचित हुन्छ, उसले सरकार को नेतृत्व लिने सम्भावना छ र एमालेको समर्थन समेत पाउने परिस्थिति बन्न सक्छ ।

"अहिलेको यो तरल अवस्था पार्टीको आन्तरिक असहमतिबाट आएको हो । सरकार टिकाउने वा बिगार्ने खेल मुख्यतः कांग्रेसभित्रै भइरहेको छ," उनले थपे ।

पेस्ता खानुको यति धेरै फाइदा



मकवानपुर । पेस्ता मसलाको रुपमा प्रयोग गरिने फल लाग्ने वनस्पति हो । स्वादिलो परिकार तयार पार्न पेस्ताको प्रयोगलाई प्रमुख स्वादका रूपमा सेफहरूले लिने गरेका छन्।

पेस्ताको स्वाद मन नपर्ने हामीमध्ये थोरै मात्र होलान् । दूला होस वा साना सबै होटलका सेफहरू पेस्ताको बखान गरेर थाक्दैनन्।

१) मुटु: नियमित रूपमा पेस्ता खानाले मुटुजन्य समस्याबाट सहजै छुटकारा पाउन सकिन्छ। पेस्ताले मुटुको धड्कनलाई नियमित बनाउन सहयोग गर्छ। पेस्ता सेवन उच्च रक्तचाप हुनेहरूका लागि अति उपयुक्त ओखती पनि हो ।

२) स्वस्थकर चिल्लो: पेस्तामा शरीरलाई फाइदा हुने चिल्लो पदार्थ लुकेको हुन्छ । ५० दाना पेस्तामा १६० क्यालोरी लुकेको हुन्छ । यसको अर्थ पेस्ता लो क्यालोरी भएको खाजा भन्दा पनि हुन्छ।

३) फाइबर: अन्य फाइबर जन्य खोराकको अनुपातमा पेस्तामा अत्यधिक मात्रामा फाइबर उपलब्ध हुन्छ ।

४) क्यारोटिन: पेस्तामा क्यारोटिनोइड भन्ने विशेषता लुकेको हुन्छ जसले आँखाको जोतीलाई बलियो बनाइराख्न मद्दत पुर्याउँछ।

५) मासुको सट्टामा: पिस्तामा आबद्ध फिटोसटेरोल्स भन्ने तत्वले अन्य श्रोतबाट शरीरमा प्रवेशहुने कोलस्ट्रोललाई सोस्ने काम गर्छ। अनि यसले मासुले प्रदान गर्ने शक्ति प्रदान गर्छ।

६) प्रोटिन: हरियो सागसब्जिमा जस्तै पेस्तामा पनि प्रोटिनको मात्रा लुकेको हुन्छ र यसको सेवन साकाहारी तथा मान्साहारी दुबै थरिका मानिसहरू गर्छन् किनकि यसको प्रयोग माछामासुको सट्टामा गर्न सकिन्छ।

७) विषादीनाशक: केही निश्चित प्रकारका खानेकुरामा उपलब्ध फेनोलीक भन्ने तत्व पेस्तामा पनि उपलब्ध छ जसले शरीरमा विषादीनाशकको काम गर्छ। विषादीनाशक गुणले शरीरमा तनाव उत्पन्न हुन दिदैन जसका कारण क्यान्सर तथा मुटुजन्य रोगले घर बनाउन सक्तैन।

८) पोषण: पेस्तामा आइरन, पोटासियम फासफोरस, म्याग्नेसियम तथा भिटामीन बी को मात्रा हुन्छ।


हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई रामरी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरिकाले राखौं।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

सार्वजनिक हितको लागि

सहीखबर
saheekhabar.com

‘व्यक्तिगत स्वतन्त्रता रहेसम्म, मिडिया स्वतन्त्र रहन्छ’



समाचारका नाममा भ्रम र अफवाह फैलिनु वा कुनै समूह वा व्यक्ति विरूद्ध घृणाजन्य अभिव्यक्ति (हेट स्पीच) सार्वजनिक रुपमा प्रेषित हुनु लोकतन्त्रका लागि गम्भीर चुनौती हो।

मनीषा पाण्डे

जब सञ्चारमाध्यमले नागरिकको हितभन्दा सरकार वा औद्योगिक घरानाको स्वार्थ बमोजिम समाचार सम्प्रेषणलाई प्राथमिकता राखे, त्यसले पत्रकारिताको मूल्यमान्यता र विश्वसनीयतालाई गम्भीर रुपमा कमजोर पार्ने अभ्यास शुरु भयो।’

भारतमा सञ्चार क्षेत्र सरकार र औद्योगिक घरानाको दबाबमा परी पत्रकारिताबाट च्युत हुँदै गएकाले स्वतन्त्र पत्रकारितालाई बचाउन मन्दै ससाना स्वतन्त्र मिडिया आउटलेट खुल्ने क्रम बढ्दो छ। धेरै स्वाभिमानी पत्रकारले मूलधारका मिडिया छाडी यूट्यूब जस्ता डिजिटल प्लेटफर्म मार्फत पत्रकारिताको अभ्यास गरिरहेका छन् भने केही सरकार, गैरसरकारी संस्था र व्यापारीसँग सहयोग र विज्ञापन लिई पत्रकारिता गर्ने सकिदैन भन्दै ‘पाठकको पैसाले स्वतन्त्र पत्रकारिता’ भन्दै मिडिया आउटलेट सञ्चालन गरिरहेका छन्।

यही मान्यतामा सन् २०१२ देखि केही पत्रकारले प्रारम्भ गरेको न्यूजलन्ड्री डटकमलाई सफल अभ्यासका रुपमा हेर्ने गरिन्छ। यसले पत्रकारिताको मूल्यमान्यता बचाउँदै पाठकको सहयोगमा पत्रकारिता गर्दै आएको विश्वास गरिन्छ। हिमाल मिडिया मेलामा यस वर्ष यही संस्थानकी प्रबन्ध सम्पादक मनीषा पाण्डे प्रमुख वक्ताका रुपमा आमन्त्रित थिइन्। उनै पाण्डेसँग पछिल्लो समय भारत लगायत देशमा भइरहेको पत्रकारिताको अभ्यास र त्यसका चुनौतीबारे हिमालखबरका लागि शमशाद अहमदले गरेको कुराकानी:

हिमाल मिडिया मेलाको सन्दर्भ पारेर नेपाल आउनुभयो। नेपाल बसाइ कस्तो रह्यो ?

नेपालमा पहिलो पटक आएकी हुँ। हिमाल मिडिया मेलामा सहभागी भएर यहाँका धेरै पत्रकारसँग भेटघाट गर्ने अवसर मिल्यो । यहाँका पत्रकारले पत्रकारिताका चुनौती र त्यसबीच कसरी अगाडि बढ्ने, आफ्ना पाठक दर्शकहरुबीच कसरी सम्बन्ध स्थापित गर्ने भनेर विचार विमर्श गरिरहेका रहेछन्। सामान्यतया सबै कुरा खराब भइरहेको छ भनेर पत्रकारहरु निकै दु:खी हुन्छन्। तर यहाँका पत्रकारको अनुहारमा खुशी झल्केको देख्न पाएँ। मेलामा पत्रकारहरुले छलफल गरे। काठमाडौं निकै सुन्दर र सफा लाग्यो।

पत्रकारितामा तपाईं कसरी आबद्ध हुनुभयो र अहिले भारतमा कस्ता चुनौतीको सामना गरिरहनुभएको छ ?

मेरो करिअर सन् २००९ मा दिल्लीबाट प्रकाशित हुने ‘बिजनेश स्टयान्डर्ड’ न्यूज एजेन्सीबाट शुरु भयो। दुई वर्ष त्यहाँ काम गरेपछि मैले मुम्बईबाट प्रकाशित हुने डीएनए पत्रिकाका लागि दिल्लीबाट काम गरें। सम्पादन भूमिकाबाट मेरो पत्रकारिता प्रारम्भ भयो।

शुरुमा भाषा सम्पादनका साथै तथ्यजाँचको काम गरें, जुन मलाई निकै फाइदाजनक भयो। त्यसै क्रममा समाचारलाई निष्पक्ष र तथ्यगत कसरी बनाउने भन्ने सिक्दै गएँ।

सन् २०१४ मा न्यूजलन्ड्रीमा संवाददाताका रुपमा आबद्ध भएँ। अहिले प्रबन्ध सम्पादकको भूमिकामा छु। न्यूजलन्ड्रीमा हाम्रो काम समाचार मात्र प्रकाशित गर्नु नभई खबर/समाचारहरु प्रकाशित गर्ने र गराउनेहरु को हुन् भनी केलाउने काम शुरुदेखि नै हाम्रो प्राथमिकतामा रहँदै आएको छ। पत्रकारले अरुसँग त प्रश्न गरिरहेका हुन्छन्, तर पत्रकारलाई पनि प्रश्न गरिनु अपरिहार्य छ भन्ने मान्यतामा हामीले प्रकाशित प्रसारित ‘कन्टेन्ट’ बारे समीक्षा गरिरहेका हुन्छौं।

तिनले प्रस्तुत गर्ने समाचारहरु कत्तिको तथ्यपूर्ण छन्, कति ‘सनसनीपूर्ण’ छन् भनी हेर्छौं। समाचार किन दबाउने गरिन्छ? कसको हस्तक्षेपमा यो सबै भइरहेको छ भनी हेर्छौं। अहिले धेरै पत्रकारले मिडियामाथि प्रश्न गरिरहेका छन्, तर पहिला यस्तो काम न्यूजलन्ड्री बाहेक अरु कसैले गरिरहेको थिएन। पत्रकारको हैसियतले मेरो जहिल्यै मिडियाबारे कुरा हुनुपर्छ भन्ने मान्यता र हँदै आएको छ।

समाचारका नाममा भ्रम र घृणाजन्य अभिव्यक्तिहरू किन फैलिरहेका छन्? तपाईंले यसमाथि नै काम गर्नुपर्ने आवश्यकता किन महसूस गर्नुभयो? यो कत्तिको सहज छ?

समाचारका नाममा भ्रम र अफवाह फैलिनु वा कुनै समूह वा व्यक्ति विरूद्ध घृणाजन्य अभिव्यक्ति (हेट स्पीच) सार्वजनिक रुपमा प्रेषित हुनु लोकतन्त्रका लागि गम्भीर चुनौती हो। जब सञ्चार माध्यमले नागरिकको हितभन्दा सरकार वा औद्योगिक घरानाको स्वार्थ बमोजिम समाचार सम्प्रेषणलाई प्राथमिकता राखे, त्यसले पत्रकारिताको मूल्यमान्यता र विश्वसनीयतालाई गम्भीर रुपमा कमजोर पार्ने अभ्यास शुरु भयो।

यसै विकृतिलाई मध्यनजर गर्दै सन् २०१२ मा न्यूजलन्ड्रीका रुपमा स्वतन्त्र पत्रकारिताको यात्रा शुरु गऱ्यौं। प्रेसलाई लोकतन्त्रको चौथो स्तम्भ भनिए पनि त्यो स्तम्भ जब आफैं कमजोर वा पक्षपाती हुन्छ, तब नागरिकमा भ्रम वा मिथ्या सूचना पुग्ने खतरनाक अवस्था आउँछ। यही कारणले हामीले दबिएका वा विकृत समाचारहरुलाई फिल्ड रिपोर्टिङ मार्फत बाहिर ल्याउने प्रयास गरेका छौं।

हालैको कुम्भमेलामा सरकारी तथ्यांक र हाम्रा संवाददाताबाट प्राप्त तथ्यमा ठूलो अन्तर देखियो। सरकारले ३० जनाको मात्र मृत्यु भएको दाबी गरिरहेको थियो। तर हामीले ८० भन्दा बढी मानिसको मृत्यु भएको पायौं। यसरी समाचार लुकाइरहेको भान परेपछि हामीले स्थलगत रिपोर्टिङ गर्ने गरेका छौं।

अहिलेको समाचार संस्थानमा यही समस्या छ। एकातर्फ सरकारी विज्ञापनको दबाब छ, अर्कातर्फ ठूला औद्योगिक घरानाको स्वार्थ मिसिएको छ। सबै होइन, धेरैजसो पत्रकार सरकार र औद्योगिक घरानालाई खुशी पार्न पत्रकारिता गर्दै छन्। यसैले सत्यतथ्य समाचारहरु कसरी बाहिर ल्याउने र नागरिक हितमा विश्वसनीय पत्रकारिता कसरी गर्ने भन्नेबारे हामीले काम गर्नुपरिरहेको हो।

न्यूजलन्ड्रीको सब्सक्रिप्शन मोडल ‘पब्लिक से पैसा, पब्लिक के लिए पत्रकारिता’ कतिको सफल छ ? र, यसका चुनौतीबारे कस्तो अनुभव छ ?

मलाई यो भन्दै गर्दा निकै खुशी हुन्छ हिन्दूस्तान, दक्षिणएशिया वा शायद संसारमा नै अति कम समाचार संस्थान मध्ये एक हौं जसले बिल्कुल विज्ञापन लिँदैन। सरकार वा उद्योगको मात्र नभई गूगल र यूट्यूबको समेत विज्ञापन रिवकार्दैनौं । अहिलेको सञ्चार संस्थानको सबैभन्दा ठूलो समस्या नै न्यूज मोडल हो भन्नेबारे हाम्रो स्पष्ट नीति छ। यस मोडलमा सञ्चारगृह आफूलाई आवश्यक सबै सामग्रीको पैसा, स्रोतसाधन र तलब समेत विज्ञापनमा भर परिरहेका हुन्छन्। त्यस अवस्थामा विज्ञापनदातालाई फर्केर प्रश्न गर्ने अवस्था रहँदैन। विज्ञापनदातालाई राम्रो र अग्रस्थानमा नदेखिने कुनै स्टोरी गर्नुभयो भने विज्ञापन बन्द भइहाल्छ, र विज्ञापन बन्द भएपछि पैसा कहाँबाट आउँछ? भारतीय मिडियाको मुख्य समस्या यही नै हो। न्यूजलन्ड्रीले ‘नागरिकको हितका लागि नागरिकको पैसा’ बाट पत्रकारिता गर्नुपर्ने भनेर सन् २०१२ मा नै निर्णय गरिसकेको थियो।

यसमा चुनौती पनि छन्। पाठकलाई बुझाउन निकै गाह्रो छ। विशेषगरी दक्षिणएशियामा यो भन्न कठिन छ। यस क्षेत्रमा मान्छेको आधारभूत आवश्यकता पूरा हुन सकिरहेका छैनन्। यस अवस्थामा समाचारका लागि पैसा माग्दा अधिकांशले दिँदैनन। हाम्रो अनुभवमा, सबैले दिनै पर्छ भन्ने छैन। तर फिल्म हेर्न हजार रूपैयाँ खर्चिने र होटल रेस्टुरेन्टमा बर्गर खाने तप्काले लोकतन्त्रलाई चलायमान बनाउन तपाईंले मिडियामा पैसा खर्च गर्नुपर्छ भनेर बुझाउने प्रयास हुनुपर्छ।

जबसम्म मिडियाले स्वतन्त्र र आत्मनिर्भर भएर काम गर्छ, त्यति वेलासम्म व्यक्तिहरुको लोकतान्त्रिक अधिकार जीवित रहन्छ। मिडियाको आत्मनिर्भरता हटेपछि लोकतन्त्रलाई चलायमान बनाउन निकै कठिन छ। जनताबाट निर्वाचित नेताले के काम गरिरहेका छन् ? बजेट विनियोजन भए पनि तपाईको घर अगाडिको सडक किन वर्षैभरि बिग्रेको हुन्छ ? पुलहरु किन ध्वस्त भइरहेका छन् ? जसलाई सरकारमा पठाएका हुन्छौं, तिनले काम गरिरहेका छन् कि छैनन् ? नेताले जे गरे पनि पाँच वर्षपछि फेरि हामी नै फर्केर आउँछौं भन्ने किन ठान्छ ? लोकतन्त्रमा यस्ता प्रश्न उठाइरास्न/उठिरहन एकदम जरुरी छ। मिडिया स्वतन्त्र रहँदासम्म मात्र यो सम्भव हुन्छ।

शुरुआतमा यस्ता कुरा बुझाउन कठिन थियो। अहिले न्यूजलन्ड्रीमा ५० जना पत्रकार कार्यरत छन्। सब्सक्रिप्शन मोडलमा नै यो टीमलाई चलायमान बनाउन सकिरहेका छौं। यो निकै गर्वको कुरा हो। अर्को चुनौती भनेको न्यूजलन्ड्रीमा काम गर्दा रिपोर्टिङ गर्नु मात्रै पर्याप्त हुँदैन। मान्छेले हाम्रा रिपोर्ट पढ्छन् कि पढ्दैनन् ? पढेर आफ्नो व्यक्तिगत लगानी गर्छन् कि गर्दैनन् ? हाम्रो पत्रकारिताले नागरिकलाई हित गर्छ कि गर्दैन ? यस्ता कुरा पनि ध्यानमा राख्नुपर्छ।

अहिले ‘क्लिकबेट’ (सामाजिक सञ्जालमा रातारात फैलन) बढाउन आकर्षक र सनसनीपूर्ण शीर्षक सहितको ‘थमनेल’ बनाउने चलन छ। यसो गर्न सजिलो छ, तर यस्तो पत्रकारिता छोडेर कम दर्शकसम्म पुगे पनि वास्तविक खोज अनुसन्धान र सत्य तथ्यमा आधारित पत्रकारिता गर्नु चुनौतीपूर्ण हुन्छ।

के विज्ञापनविहीन पत्रकारिता नै अबको भविष्य हो ?

हो, मलाई यस्तै लाग्छ। न्यूजलन्ड्री जस्तै पूर्ण रुपमा विज्ञापनविहीन हुनुपर्छ भन्ने छैन, तर अब सोच्नुपर्छ। विज्ञापन विहीन पत्रकारिता बाहेक अरु कुन कुन तरीकाले पत्रकारितालाई जीवित राख्न सकिन्छ भनेर सोच्नुपर्ने वेला आइसकेको छ। अहिले विज्ञापनले पनि हुँदैन। गूगल र यूट्यूबमा पनि विज्ञापन धेरै रहेनन्। विज्ञापन लिन निकै भाइरल हुनुपर्छ। सत्य समाचार भाइरल नहुन पनि सक्छ।

समाचार संस्थानले अब कम्तीमा ५० प्रतिशत आयस्रोत विज्ञापन बाहेकका माध्यमबाट खोज्नुपर्ने आवश्यकता छ। त्यसका लागि सदस्यता शुल्क, विशेष कार्यक्रम (इभेन्ट), सब्सक्रिप्शन मोडल वा विशिष्ट पाठकका लागि लक्षित सामग्री उत्पादन गर्ने उपाय अपनाउनुपर्छ। अहिले मानिस नेटफ्लिक्स, अमेजन जस्ता प्लेटफर्मको सेवाका लागि पैसा तिर्छन् भने गुणस्तरीय पत्रकारिताका लागि पनि पैसा तिर्नुपर्ने संस्कार विकास गर्नु जरुरी छ। त्यसका लागि यो समाचार केवल पढ्नलायक होइन, पैसा तिर्नलायक पनि छ भनेर पाठकलाई महसूस गराउनुपर्छ।

भारतीय सञ्चारमा हिन्दी भाषाको प्रभाव धेरै छ। भ्रमपूर्ण र घृणास्पद अभिव्यक्ति फैलाउनेहरू पनि हिन्दीभाषी सञ्चार माध्यमको प्रयोग गर्छन्। यसलाई तपाईंहरू कसरी सम्बोधन गर्नुहुन्छ?

यसैलाई सम्बोधन गर्न न्यूजलन्ड्रीको हिन्दी संस्करण पनि लामो समयदेखि सञ्चालनमा छ। अधिकांश स्थलगत रिपोर्टिङ हिन्दीमा नै हुन्छ। भारतका सम्भ्रान्त वर्ग र राजनीतिक रुपमा निर्णायक रहनेहरुले पढ्ने गरेका छन्। अत: अंग्रेजी भाषा कम बोलिने भए पनि त्यसले प्रभाव पार्ने क्षेत्र धेरै छ।

अर्को, अहिले पनि बिहार वा उत्तर प्रदेशमा न्यू योर्क टाइम्स कसैले नपढे पनि त्यसमा के छापिँदै छ भनेर सरकार ले ध्यान दिएको हुन्छ। त्यसले तिनीहरुलाई फरक पार्ने गर्दछ। त्यसैले पत्रकारितामा अंग्रेजी भाषाको अभ्यास भइरहेको हुन्छ। हिन्दी भाषाको व्यापक प्रयोक्रूताहरु भएकाले दुवै भाषामा सन्तुलित रुपमा गइरहेका छौं। मिडियामा भ्रम फैलाउने पात्रलाई लज्जित र आत्मग्लानि बोध गराउन अंग्रेजीमा पनि समाचार बनाउने गर्छौं। कोही कोही अंग्रेजीमा मात्र लज्जित हुने गर्छन्।

इन्टरनेटको युगमा सक्रियतापूर्वक हरेक समाचारमा लाइक, कमेन्ट, शेयर मार्फत आफ्नो अभिमत जाहेर गर्ने ठाउँ सिर्जना भएको छ। कुनै पत्रकारको रिपोर्टले तपाईंको समुदायमा सकारात्मक असर पार्दै छ भने साधारण रुपमा धन्यवाद दिनु, समर्थन जनाउनु र प्रचार गर्नु पनि ठूलो योगदान हो। ***हिमालखबरबाट***

निरा र बेलकुमारी : जसले मिर्गौला साटासाट गरेर बचाए श्रीमानको ज्यान

○प्रज्ञा तिम्सिना

हप्तामा तीन दिन अस्पतालदेखि घर, घरदेखि अस्पताल।

चर्को घाममा पनि ढन्न आँत मर्ने गरी पानी खान नपाउँदाको पीडा । त्यसमाथि हातका नसा छेडिएको दुखाइ। काठमाडौं, बल्खुका ५५ वर्षीय राजेन्द्रकुमार श्रेष्ठको दैनिकी नरकतूल्य थियो।

चार वर्षअघि दुवै मिर्गौलाले काम गर्न छोडेपछि अस्पताल धाउँदाधाउँदै उनी हैरान थिए। परिवारमा कसैको मिर्गौला मिलेन, बाहिर कतै पाइएन। उनी जिन्दगीदेखि निराश हुन थालिसकेका थिए।

तर, अहिले उनका आँखामा खुसी झल्किरहेको छ।

किनकि एक साताअघि उनको मिर्गौला प्रत्यारोपण गरिएको छ। अब उनी चारवर्षसम्म डायलासिस गराउँदाको पीडा भुल्न चाहन्छन्। प्रत्यारोपणपछि पहिलोपटक चिकित्सकलाई भेट्न आएका राजेन्द्रमा पुरानै जोस, जाँगर र आत्मविश्वास फर्किएको छ।

र, यो जीवनदान दिलाएको हो मिर्गौला साटासाट अर्थात् पेयर्ड एक्स्चेन्जले। उनको शरीरमा सप्तरीकी ४१ वर्षीया निराकुमारी साहको मिर्गौला राखिएको छ ।

राजेन्द्र र निराका श्रीमान् सुनील दुवैको मिर्गौला फेल भएको थियो। राजेन्द्रसँग सुनीलकी श्रीमती निराको र सुनीलसँग राजेन्द्रकी श्रीमती बेलकुमारको मिर्गौला मिल्यो। अनि पेयर्ड एक्स्चेन्ज प्रत्यारोपण सम्भव भयो।

यसरी भयो साटासाट

४ वर्षअघि दुवै मिर्गौला फेल भएका राजेन्द्र सुरूमा भक्तपुर स्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र पुगे। चिकित्सकले परिवारको सदस्य कसैको मिर्गौला मिल्छ कि भनेर परीक्षण गरे। तर, श्रीमती बेलकुमारी श्रेष्ठको रक्तसमूह 'ए पोजिटिभ' देखियो। राजेन्द्रको रगतको समूह 'बी पोजिटिभ'।

श्रीमतीसँग रक्तसमूह नमिलेपछि राजेन्द्रले श्रीमतीको मिर्गौला राख्न नपाउने भए। राजेन्द्रसँग छोराछोरीको मिर्गौला पनि मिलेन। परिवारका कुनै सदस्यको मिर्गौला नमिले पनि चिकित्सकले उनलाई मिर्गौलाको साटासाट (पेयर्ड एक्स्चेन्ज) गर्न सकिने सुझाव दिए। त्यसपछि अस्पतालमा मिर्गौला फेल भएर दान गर्न नमिलेर आउने कुनै व्यक्तिसँग आफ्नो मिर्गौला मिल्छ कि भनेर उनी कुरेर डायलासिस गराउँदै बसे।

संयोगले मिर्गौला मिल्ने व्यक्ति फेला परे। ती व्यक्तिलाई पनि बेलकुमारीको मिर्गौला म्याच भयो। राजेन्द्रको परिवार खुसी थियो। तर, प्रक्रिया पूरा गर्न र म्याच मिलाउन एक वर्ष लाग्यो। त्यतिञ्जेलसम्ममा मिर्गौला प्रत्यारोपण हुने अर्को व्यक्तिको फोक्सोमा पानी जम्यो। पानी हटाउन तीन महिना लाग्यो। शरीरमा रगत कमीका कारण प्रत्यारोपण गर्न नमिल्ने भयो।

उनको खुसी टिक्न पाएन।

राजेन्द्र दुई वर्षसम्म भक्तपुर अस्पताल धाए। तर, प्रत्यारोपण गर्न मिल्ने मिर्गौला पाएनन्।

त्यसपछि उनी भारततिर लागे। लखनऊ गएर चार महिना बसे। उतै डायलासिस गराउन थाले। त्यहाँ पनि उनले प्रत्यारोपण गराउन मिर्गौला दिने व्यक्ति पाएनन्। त्यहाँबाट उनी कलकत्ता पुगे। कलकत्तामा पनि ६ महिना बसे। मिर्गौला प्रत्यारोपण गराउन पाएनन्। राजेन्द्रको मुटुमा पानी जमेपछि प्रत्यारोपण गराउन सकिएन।

नेपाल फर्किएपछि उनी काठमाडौंको स्टार अस्पतालमा गएर डायलासिस गराउन थाले। मेडिसिटी अस्पतालमा पेयर्ड एक्स्चेन्ज हुन्छ भन्ने थाहा पाएर उनी त्यहाँ गए। मेडिसिटीमै उनको भेट भयो सुनीलसँग। जो दुई वर्षदेखि मिर्गौला मिल्ने व्यक्ति खोजिरहेका थिए। कुरा र मिर्गौला मिलेपछि १ महिनामै मिर्गौला साटासाट भयो।

एक हप्ताको अस्पतालको बसाइपछि डिस्चार्ज भएका उनी आफैं हिँडेर फलोअपका लागि आए।

उनी श्रीमती बेलकुमारी श्रीमानको मायाले जसलाई पनि मिर्गौला दिन्छु भनेर निर्णय गरेको बताउँछिन्।

'श्रीमानको रगत 'ए पोजिटिभ' भएपछि मेरो मिर्गौला दिन मिलेन। अर्को मिर्गौला फेल भएको व्यक्तिसँग साटासाट गरेर पनि श्रीमानलाई बचाउँछु भन्ने निर्णय गरैं,' उनी सुनाउँछिन्, 'मिर्गौला बिग्रिएपछि श्रीमानलाई भएको गाह्रो हेर्न सकिनँ। उहाँलाई भएको पीडा देख्न सकिनँ, छोराछोरी कसैसँग पनि मिर्गौला मिलेन, अनि बरू अरूसँग साटेर पनि पीडा कम गराउन चाहन्थैं।'



सुनीलकुमारले पाए नयाँ जीवन

सप्तरीमा २ वर्षदेखि डायलासिस गर्न थालेका सुनीलको १२ वर्षदेखि मिर्गौलामा समस्या देखिएको थियो। उनको मिर्गौलामा पथरी थियो। त्यसको उपचार गर्न उनी भारतको चण्डिगढस्थित पीजीआई पुगेका थिए। त्यतिबेलै सुनीलको क्रियाटिन बढेको थियो। औषधि खान थाले। क्रियाटिन कम हुँदै गयो।

२ वर्षअघि मने उनको दुवै मिर्गौला फेल भयो। उपचारका लागि उनी दिल्लीको एम्स अस्पताल पुगे। त्यहाँ चिकित्सकले मिर्गौला फेल भएको र डायलासिस अनि प्रत्यारोपण गराउनु पर्ने बताए। सुनीलकी श्रीमती निरा मिर्गौला दिन तयार भइन्। तर, सुनीलको रगत 'ए पोजेटिभ' थियो। निराको 'बी पोजेटिभ'। रगत समूह नमिलेपछि प्रत्यारोपण गराउन मिलेन।

दिल्लीमा बसेर डायलासिस गराउन खर्च धेरै लाग्ने भए पछि सुनील नेपाल फर्किए। विराटनगरमा डायलासिसका लागि जान थाले। सप्तरी बस्ने सुनील हप्तामा तीन पटकसम्म डायलासिस गराउनु जानु पर्थ्यो। उनी ९२ किलोमिटर छिचोलेर विराटनगर पुग्थे।

पछिल्लो समय उनमा फिरदुलाको समस्या देखिएपछि उपचार का लागि काठमाडौं आए। उपचारका क्रममा उनको भेट राजेन्द्रसँग भयो। आफू जस्तै मिर्गौलाको खोजीका रहेको व्यक्ति पाउँदा खुसीको सीमा नै रहेन।

'काठमाडौं भगवानले नै पठाएको जस्तो लाग्यो,' सुनील हाँस्दै सुनाउँछन्, 'मिर्गौला पाउने भएपछि निकै खुसी भएँ। आफू बिरामी हुँदा घर परिवार नै लथालिंग भएको थियो। छोराछोरीको पढाइ बिग्रिएको थियो। आम्दानीको स्रोत कम हुँदै जान थालेको थियो। पेयर्ड एक्स्चेन्जबाट मिर्गौला पाउने भएँ भने पछि मेरो खुसीको सीमै रहेन।'

सुनील श्रीमतीले आफूलाई जीवन दान दिएर ठूलो गुन लगाएको बताउँछन्। सुनीलकी श्रीमती निराकुमारी साह परिवारमा कमाउने कोही नभएपछि श्रीमानलाई जसरी पनि बचाउन यो निर्णय गरेको बताउँछिन्।

'बजारमा नपाउने, पैसा तिरेर पनि किन्न नपाउने। परिवारका कोही सदस्यसँग नमिल्ने भएपछि बरू अरूसँग साटेर पनि मिर्गौला दान गर्नेमा पुगैं,' उनले भनिन्।

२ साताअघि मेडिसिटी अस्पतालमा मिर्गौला साटासाट गरेर नयाँ जीवन पाएका सुनील र राजेन्द्रको दैनिकी फेरिएको छ। तराईका सुनील र काठमाडौंका राजेन्द्रको परिवार जोडिएको छ।

सुनील र राजेन्द्रजस्तै ५९ जनाले पेयर्ड एक्स्चेन्जबाट जीवनदान पाइसकेका छन्। यो सेवा २०७३ मा भक्तपुरको सहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रबाट सुरू भएको हो। पेयर्ड एक्स्चेन्ज सरकारीमा सहिद धर्मभक्त र त्रिवि शिक्षण अस्पताल तथा निजीमा मेडिसिटी अस्पतालले गरिरहेका छन्।

के हो पेयर्ड एक्स्चेन्ज प्रत्यारोपण?

दुई व्यक्तिमा मिर्गौलाले काम गरेन भने दुई परिवारबीच मिर्गौला साटासाट गरेर प्रत्यारोपण गराउनुलाई चिकित्सकीय भाषामा पेयर्ड एक्स्चेन्ज प्रत्यारोपण भनिन्छ।

मिर्गौला प्रत्यारोपण शल्यचिकित्सक डा रविकिरण गौतम भन्छन्, 'मिर्गौला फेल भएको व्यक्ति र परिवारका सदस्यबीच रक्त समूह नमिने भए उस्तै प्रकारको समस्या भएको व्यक्ति खोजी गरेर उनीहरुको परिवारबीच मिर्गौला मिलाएर साटासाट गरी प्रत्यारोपण गर्ने प्रक्रिया हो यो।'

सरकारले ल्याएको मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली अनुसार रक्त समूह मिल्ने र आफनो नातामित्र पर्ने व्यक्तिले मिर्गौला दान गर्न पाउँछन्। तर, कहिलेकाहीं आफनो नातामित्र रक्त समूह मिलेन भने सो अवस्थामा मिर्गौला साटासाट गरेर प्रत्यारोपण गराउन सकिने व्यवस्था गरिएको छ।

सरकारले अंग प्रत्यारोपण सुरू गर्न २०५५ सालमा मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन ल्याएको थियो। जसअनुसार अनुसार सन् २००८ मा त्रिवि शिक्षण अस्पतालबाट मिर्गौला प्रत्यारोपण सुरू भएको थियो।

पहिले परिवारका सदस्यमित्र मात्र मिर्गौला दान गर्न पाउने कानुनी प्रावधान थियो। जसका कारण धेरै व्यक्ति मिर्गौला प्रत्यारोपण गराउन नपाएपछि सरकारले २०७३ सालमा मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली ल्याएर रक्त समूह नमिल्दा पनि मिर्गौला साटासाट गर्न मिल्ने (पेयर्ड किड्नी एक्स्चेन्ज) गर्न सकिने नियम ल्यायो। त्यसअनुसार पहिलोपटक २०७३ सालमा भक्तपुरस्थित सहिद धर्मभक्त तथा मानव अंग प्रत्यारोपण केन्द्रले मिर्गौला साटासाट प्रत्यारोपण सुरू गरेको थियो। केन्द्रले हालसम्म ५९ जनाको पेयर्ड एक्स्चेन्ज प्रत्यारोपण गरिसकेको छ।

पहिलो मिर्गौला साटासाट प्रत्यारोपण

२०७३ मा ताप्लेजुङको फूलबारीका ४९ वर्षीय खेमराज निरौला र गोरखाको मनकामनाका ४० वर्षीय विष्णुबाबु श्रेष्ठले भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमा पहिलोपटक पेयर्ड एन्चेन्ज प्रत्यारोपण भएको थियो। भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठका अनुसार निरौलाले श्रेष्ठकी जेठी बहिनी ५२ वर्षीया माया थापाबाट मिर्गौला लिएका थिए भने श्रेष्ठले निरौलाकी श्रीमती मातृकादेवी चापागाईंबाट मिर्गौला लिएकी थिए।

'सन् २०१५ मा अंग प्रत्यारोपण ऐन १९९८ को संशोधनपछि यो सम्भव भएको हो,' डा श्रेष्ठले भने, 'नेपालमा यस्ता प्रत्यारोपणहरु गैरकानुनी मानिन्थ्यो, जसले गर्दा धेरै बिरामीहरु उपचारको लागि भारत जान बाध्य थिए।' पेयर्ड एक्स्चेन्ज प्रत्यारोपणले गैरनातेदार व्यक्तिमा पनि प्रत्यारोपण सम्भव बनाएको डा पुकार बताउँछन्।

'नेपालको संविधानले अंग प्रत्यारोपणसँग सम्बन्धित काननलाई परिमार्जन गरेका कारण परिवारको सदस्यले पति, पत्नी, दाजुभाइ, दिदीबहिनी, मामाघरका आफन्त, ससुरा, आफन्त, सौतेनी बुबा, आमा, हजुरबुबा वा परिवारका अन्य सदस्यहरुलाई मिर्गौला दान गर्न सक्छ। यदि मिर्गौला मेल खाएन भने आपसी समझदारीबाट अन्य परिवार सँग मिर्गौला साट्न सकिन्छ। यो प्रावधानले धेरै व्यक्तिले नयाँ जीवन पाएका छन्,' डा पुकार भन्छन्।

उनले पेयर्ड एक्स्चेन्ज प्रत्यारोपण गराउन भौतिक पूर्वाधार र जनशक्ति धेरै चाहिने हुँदा सबैतिर सुरू हुन नसकेको बताए। 'एकैपटक ४ जनालाई सँगै शल्यक्रिया कक्षमा लगेर प्रत्यारोपण गर्नुपर्छ। जसका लागि चिकित्सकको ठोली पनि ४ वटा र शल्यक्रिया पनि ४ वटा नै चाहिन्छ। त्यो सुविधा भएको अस्पतालमा मात्र गर्न सकिन्छ। जसका कारण सबै अस्पतालले सुरू गराउन सकेका छैनन्,' उनले भने। त्रिवि शिक्षण अस्पतालकी मिर्गौला रोग विशेषज्ञ डा दिव्या शाह रक्त समूह नमिलेको व्यक्तिमा पनि मिर्गौला प्रत्यारोपण सम्भव भएको बताउँछिन्।

'त्रिवि शिक्षण अस्पतालले परिवारका सदस्यमा रक्त समूह फरक भएका व्यक्तिमा पनि मिर्गौला प्रत्यारोपण गरिसकेका छौं। तर पेयर्ड एक्स्चेन्जमन्दा केही महँगो भएकाले धेरै व्यक्तिमा गराउन सकिएको छैन,' उनले भनिन् 'महँगो भएकाले बिरामीलाई हामीले पेयर्ड एक्स्चेन्ज गर्न नै सुझाव दिने गरेका छौं।' ***नेपालखबरबाट***

लामालाई मुख्यमन्त्री पदबाट हटाउन संविधान बाधक



१८८. विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था : (१) मुख्यमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रदेश सभा समक्ष प्रस्ताव राख्न सक्नेछ ।

(२) मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेश सभा समक्ष प्रस्ताव राख्नु पर्नेछ ।

(३) उपधारा (१) र (२) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित हुन नसकेमा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ ।

(४) प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाइ सदस्यले मुख्यमन्त्रीमाथि प्रदेश सभाको विश्वास छैन भनी लिखितरूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्ने छन् ।

तर मुख्यमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्ष भित्र त्यस्तो अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन ।

(५) उपधारा (४) बमोजिम अविश्वासको प्रस्ताव पेश गर्दा मुख्यमन्त्रीका लागि प्रस्तावित सदस्यको नाम समेत उल्लेख गरेको हुनु पर्नेछ ।

(६) उपधारा (४) बमोजिम पेश भएको अविश्वासको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएमा मुख्यमन्त्री पदमुक्त हुनेछ ।

१६८. **प्रदेश मन्त्रिपरिषदको गठन:** (१) प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषदको गठन हुनेछ ।

(२) उपधारा (१) बमोजिम प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ ।

○सहीखबर संवाददाता

मकवानपुर । नेपाली कांग्रेस बाग्मती प्रदेश संसदीय दलको नेताबाट बहादुरसिंह लामालाई बुधबार (आज)बाट औपचारिक रुपमा हटाइँदै छ । संसदीय दलको नेताबाट हटाए पनि मुख्यमन्त्री पदबाट राजीनामा नदिने लामाको मनाइ सार्वजनिक भएको छ ।

यदि, संसदीय दलका नेताबाट हटाइए पनि मुख्यमन्त्री पदबाट लामाले राजीनामा नदिए राजनीति कसरी अगाडि बढ्छ भन्ने प्रश्न उठेको छ । संवैधानिक हिसाबले संसदीय दलको नेताबाट लामालाई हटाइए पनि लामा मुख्यमन्त्री रहिरहनेछन् । संविधानको धारा १६८ को उपधारा ३ अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा उनी मुख्यमन्त्री बनेका हुन् । यसका लागि संसदीय दलको नेता हुनु आवश्यक छैन । प्रदेशसभा सदस्य जो पनि मुख्यमन्त्री बन्न सक्छन् ।

तर, मुख्यमन्त्री बन्नका लागि प्रदेशसभामा बहुमतको समर्थन चाहिन्छ । दलको नेताबाट हटेका आधारमा मात्र उनलाई पदबाट हटाउन सकिँदैन । बाग्मती प्रदेश मुख्य न्यायाधिवक्ता शुकदेव काफ्लेले भने, 'जबसम्म प्रदेशसभामा मुख्यमन्त्रीले विश्वासको मत गुमाएको औपचारिक प्रक्रिया अगाडि बढ्दैन, तबसम्म उहाँ पदमा रहन सक्नुहुन्छ ।'

मुख्यमन्त्री पर्ने औपचारिक प्रक्रिया अगाडि बढाउन संविधान बाधक देखिन्छ । 'संविधानको धारा १८८ को (४) अनुसार प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यमध्ये एक चौथाइ सदस्यले मुख्यमन्त्रीमाथि प्रदेशसभाको विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेस गर्न सक्नेछन् ।

तर, मुख्यमन्त्री नियुक्त भएको पहिलो २ वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको १ वर्षभित्र त्यस्तो अविश्वासको प्रस्ताव पेस गर्न सकिनेछैन' भनी उल्लेख छ ।

यस परिवेशमा लामालाई पद छोड्न नैतिकताबाहेक अन्य बाध्यात्मक कारण देखिएको छैन । मुख्य न्यायाधिवक्ता काफ्लेका अनुसार मुख्यमन्त्री लामाले संवैधानिक व्यवस्था, राजनीतिक सल्लाह र नैतिकमा अगाडि बढ्न सुझाए ।

राजनीतिक वृत्तमा भने लामाले अब छिट्टै राजीनामा दिनसक्ने चर्चा चलाइएको छ । यदि, उनले राजीनामा दिए भने नयाँ मुख्यमन्त्री चयनको प्रक्रिया सुरु हुनेछ । उनीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन संविधानको धारा १८८ (४) बाधक देखिन्छ ।

बाग्मतीमा १ सय १० जना सांसद छन्, जसमा ७६ जनाको समर्थन आवश्यक पर्छ । कांग्रेस केन्द्रीय सदस्य तथा सांसद राजेन्द्रकुमार केसीका अनुसार नयाँ नेता चयन भएपछि पुरानै गठबन्धनका दलहरुसँग सहमतिअनुसार सहकार्य हुनेछ ।

नेता जो बने पनि एमालेलगायत अन्य दलका सांसदको समर्थन लिएर प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्रीको दाबी गरिनेछ ।

कांग्रेसले नयाँ नेता बनाएपछि एमालेलगायत पुराना सत्ता साझेदारहरुसँग मिलेर पुन: सरकार गठनको दाबी गर्ने भनिए पनि मुख्यमन्त्री पद खाली नभएसम्म प्रक्रिया अगाडि बढ्ने देखिँदैन ।

कांग्रेसमा संसदीय दलको नेता फेर्ने यो रोग अब कोशीमा सर्ने संस्थापनइतरका एक नेताले राजधानीलाई बताए । उनले भने, बाग्मती प्रदेशसभामा भएको घटना हामी नजिकबाट नियालिरहेका छौं, हेरौं कसरी अगाडि बढ्छ, हामी पनि त्यहीअनुसार कोशी प्रदेशमा पनि संसदीय दलको नेता फेर्ने कसरत सुरू गर्छौं ।'

कोशीमा उद्धव थापा कांग्रेसको संसदीय दलका नेता हुन् ।

भर्ना खुल्यो भर्ना खुल्यो भर्ना खुल्यो

3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- २५ वर्ष देखि निरन्तर चलिरहेको संस्था

कार्यक्रमहरू

Health Assistant (HA)	40 सिट
PCL Lab Technology	30 सिट
PCL Radiography	30 सिट
PCL Physiotherapy	40 सिट

CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरूलाई सुवर्ण अवसर

फारम शुल्क रू १०००/-

- फारम वितरण मिति: २०८२/०४/०६ गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।०४।२५ गते आइतवार बेलुका ४:३० सम्म

मकवानपुर टेक्निकल इन्स्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौं ।
पानीको मुहान/स्रोत संरक्षण गरौं ।
● सहीखबर साप्ताहिक

स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं

- स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं,
- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,

स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

विश्व स्तनपान सप्ताह सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड